१. आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

नवौं गाउँसभामा अध्यक्ष श्री मोतीराज राई ज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

## २.१ आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

आदरणीय गाउँ सभा सदस्य ज्यूहरु,

मानेभञ्ज्याङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई खुसी लागेको छ । नेपालको संविधानले अवलम्वन गरेको संघीय शासन प्रणाली कार्यान्वयन गर्ने क्रममा धेरै कुरा प्रष्ट नभई सकेको संक्रमणकालीन अवस्थामा यस मानेभञ्ज्याङ गाउँपालिकाको नीति तथा कार्यक्रम गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु ।

यस अवसरमा म विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिको आन्दोलनहरुमा सहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय तहको निर्वाचनले एकातिर सार्वभौम नागरिकलाई निर्वाचित जनप्रतिनिधीहरु मार्फत राज्य शक्तिको प्रयोग गर्ने अवसर प्रदान गरेको छ भने अर्कोतिर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्ने मार्ग प्रदक्त गरेको छ । संवैधानिक व्यवस्था बमोजिम जनताको नजिकका सरकारको रुपमा रहेको स्थानीय तहका अधिकार क्षेत्रको प्रयोग गर्दै जनअपेक्षा अनुरुप दिगो शान्ति, स्थायित्व, विकास र सम्वृद्धिको गन्तव्य हासिल गर्ने चरणमा हामी प्रवेश गरेका छौं । यस बीचमा स्थानीय निकायको स्वरुपलाई संविधान प्रदक्त स्थानीय तहको व्यापक क्षेत्राधिकार भएको बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई संगसंगै र सावधानीपूर्वक अघि बढाउनु परेको छ ।

जनताको लामो समयको संघर्ष पछि प्राप्त लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्थाको सफल र व्यावहारिक कार्यान्वयनको जटिल र चुनौतिपूर्ण मोडमा छौं । त्यस अर्थमा अलिकति असावधानीले पनि निकै ठूलो क्षति व्यहोर्नु पर्ने अवस्था आउन सक्ने विषयलाई हामीले गम्भीरता पूर्वक लिंदै आफ्ना कदमहरु अघि बढाउनु परेको छ ।

यिनै विषय वस्तुको पृष्ठभूमिमा मानेभञ्ज्याङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक गाउँपालिकाको विकास नीति तथा कार्यक्रम तयार गरिएको छ ।

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक गाउँपालिकाको विकास नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### नीति तथा कार्यक्रम

### १. कृषि तथा पशुपन्छी विकास नीति :

- भू-उपयोग नीति अनुसार गाउँपालिकाको भू-बनोट तथा हावापानीलाई मध्यनजर गर्दै कृषि बालीहरुको पकेट क्षेत्र प्रत्येक वडामा निर्धारण गरिनेछ ।
- पालिकाभित्रका कृषकहरुलाई कृषि आधुनिकीकरण, कृषिजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्नको लागि प्रविधिको प्रयोगमा प्रोत्साहित गरी व्यावसायिक कृषि खेती गर्न आवश्यक प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।
- परम्परागत र निर्वाहमुखी खेतीको विकल्पमा कृषकहरुलाई आधुनिक र सामुहिक कृषि प्रणाली अबलम्बन गर्न प्रेरित गर्दै त्यसका लागि सीप, ज्ञान र प्रबिधि उपलब्ध गराउन आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- मानेभञ्ज्याङ गाउँपालिकाको ९ वटै वडामा एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गर्न विभिन्न संघ संस्थासँग समन्वय गरी आवश्यक प्राविधिक तालिम प्रदान गरिनेछ ।
- गाउँपालिकामा मकै वीउ पकेट क्षेत्र स्थापना गरिनेछ ।
- प्रत्येक वडामा एकजना पशुसेवा प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषिको पहुँच विस्तार पहल गरिनेछ ।
- सुख्खा क्षेत्रको रुपमा चिनिएको यस गाउँपालिकाको विभिन्न क्षेत्रलाई सिंचाइको व्यवस्था मिलाउनको लागि सुनकोशी, दुधकोशी, मोलुङ खोला लगायतका सबै सम्भावना भएका खोलाहरुको अध्ययन गरिनेछ साथै आकाशे पानी संकलनको लागि प्लाष्टिक पोखरी, स्थायी पोखरी, लिफ्टिङ आदिको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने नीति अवलम्बन गरिने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत गाउँपालिका भित्रका क्षेत्रलाई मकै ब्लक तथा आलु सुपर जोन कार्यक्रमलाई प्राथमिकता र प्रभावकारी ढंगले कार्यान्वयन गर्ने नीति लिइनेछ र अन्य उपयुक्त क्षेत्रमा तरकारी तथा फलफुलको पकेट क्षेत्र विस्तार गरिनेछ ।
- एक गाउँ एक वाली विशेषज्ञ कार्यक्रमलाई पशुपन्छी पालक, समुह र सहकारीसँग आवद्ध गरी व्यवसायिक पशु स्वास्थ्य सेवा उपलब्ध गराउने नीति क्रमशः विस्तार गर्दै लगिनेछ ।

- पशु विमा कार्यक्रम, पाडापाडी हुर्काउने कार्यक्रमलाई विशेष प्राथमिकता साथ संचालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुमा वन तथा कृषि सहज कार्यक्रम (Forest and Farm Facilities Program-FFF) सञ्चालन गरी उद्यमशिलता विकास गरिनेछ ।
- सामुदायिक वन लगायत बाँझो जमिनमा विभिन्न जातका फलफुलका बिरुवा रोपी कृषि वनमा रुपान्तरित गरिनेछ ।
- जग्गा बाँझो राखी शहर केन्द्रित जग्गा धनीहरुका निजी जग्गामा वृक्षारोपण गराई एक परिवार एक निजी वन बनाउन प्रोत्साहित गरिनेछ ।
- एक घर एक करेसाबारी र एक घर एक अर्गानिक उत्पादनको अवधारणा विकास गरी अर्गानिक तरकारी उपभोगको लागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- मागमा आधारित कृषि व्यवसाय प्रवर्द्धन, कृषक पाठशाला, प्लान्ट क्लिनिक सञ्चालन, साना सिंचाई विशेष कार्यक्रम, वीउ उत्पादन कार्यक्रमलाई विशेष जोड दिईनेछ ।
- गाउँपालिकाभित्र १८ महिने वालि विज्ञान र पशु विज्ञान अध्ययनको व्यवस्था गरिने छ ।
- करार खेती प्रणालीलाई प्रोत्साहन गरिने छ ।
- गाउँपालिकाकामा कृषि उत्पादन सामग्री र कृषि उपज बजारीकरण व्यवस्थापन गर्न कृषि सहकारी वा अन्य सहकारी साथै व्यवसायीहरुलाई व्यवस्था गर्न पहल गरिनेछ ।
- कृषि तथा पशुपन्छी मन्त्रालयद्धारा तोकिएको विभिन्न कार्यक्रमहरुसँग साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषि सहकारीहरुलाई सामुहिक खेती गर्न प्रत्साहन गरि सहयोग गर्ने कार्यक्रमको निति लिइने छ।

## २. वातावरण संरक्षण नीतिः

- जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न सामुदायिक वन तथा समुदायको सहयोगमा एक वडा एक नर्सरी तथा एक वडा एक पोखरी कार्यक्रम क्रमशः सञ्चालन गरिनेछ ।
- चौतारा, पोखरी, खानेपानीको मुल संरक्षण लगायतका वातावरणमैत्री स्थानीय शासन प्रारुपका सूचकहरु प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरण संरक्षणसँग आबद्ध गरिनेछ ।
- टोल विकास संस्थाहरुबीच वातावरणमैत्री टोल, वातावरणमैत्री वडा घोषणाको अवधारणा अनुसार प्रतिष्पर्धा गराई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
- वनलाई वातावरण संरक्षण सँगसँगै आय आर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकावासीले आफ्नो नम्बरी आवादीको रुख कटान गर्नुपरेमा २० इन्चभन्दा कम गोलाई भएको कुनै पनि रुख कटान गर्न पाउनेछैन । वडाको जनप्रतिनिधिको उपस्थितिमा गरिएको सर्जमिन मुचुल्का र सिफारिसको आधारमा गाउँपालिकाको स्वीकृति विना छपान कटान गर्न पाइने छैन ।
- एक रुख कटानी गरेबापत कटानी गर्ने गराउनेले कम्तीमा दुई विरुवा हुर्काउनु पर्ने नीति अवलम्बन गरिनेछ ।
- दिगो विकासका लक्षहरुलाई प्राप्त गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विधुतीय चुल्हो तथा धुवा रहित चुलो घर-घरमा जडान गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र हुने भू-स्खलन, बाढी, आगलागी, भुकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिबाट तुरुन्त राहतका कार्यक्रम गर्न गाउँपालिका, नेपाल प्रहरी, नेपाली सेना लगायत विभिन्न संघसंस्थाहरुसंग समन्वय गरी कार्यान्वयन गरिनेछ ।
- भित्री वायु प्रदुषण न्यूनीकरण गर्न बायोग्याँस तथा सुधारिएको चुलो निर्माणका लागि प्रोत्साहन गरिनेछ ।

## ३. विपद व्यवस्थापन नीतिः

- Covid – 19 को संक्रमण नियन्त्रण तथा उपचारमा विशेष प्रथमिकता दिइने छ ।
- प्राकृतिक वा मानवीय कुनैपनि कारणबाट हुन सक्ने विपदबाट बच्न र बचाउन सचेतना कार्यक्रम संचालन, समुदायमा आधारित सहयोग टोली(CRRT) टोलबस्ती स्तरमा निर्माण तथा परिचालन गरिने छ ।
- विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- विपद् व्यवस्थापनलाई 3C को सिद्धान्त (समन्वय, सहयोग तथा नियन्त्रण) का आधारमा संचालन गरिने छ ।
- आकस्मिक सेवाका सवारी साधनहरु जस्तै एम्बुलेन्सलाई अन्तरपालिका साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन गरिनेछ ।

- वडा स्तरीय विपद् व्यवस्थापन समिति र गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिलाई स्रोत साधनयुक्त बनाई तयारी अवस्थामा राखिने छ ।
- गाउँपालिका भित्र संचालित व्यवसाय, पसल, कलकारखाना, संघ-संस्था तथा सहरी क्षेत्रका घरहरुमा Fire Extinguisher राख्न प्रोत्साहित गरिने छ ।

## ४. फोहरमैला तथा सरसफाई सम्बन्धी नीति :

"फोहरमैलाको उचित व्यवस्थापन, सभ्यताको मापन"

- फोहर जसले गर्दछ मूल्य उसैले तिर्नुपर्दछ भन्ने सिद्धान्त र फोहरबाट मोहर बनाउने नीतिलाई अवलम्बन गर्दै गाउँपालिका क्षेत्रमा उत्सर्जन हुने फोहरमैलालाई व्यवस्थित ढंगले व्यवस्थापन गरिनेछ ।
- फोहरमैला नै उत्पादन नगर्ने, गरेपनि न्यून गर्ने, त्यसलाई पूनः प्रयोग गर्ने कार्यलाई व्यवहारमा अवलम्बन गर्न सरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक र सचेतनामुलक कार्यक्रम संचालन गर्ने गराउने नीति लिइनेछ ।
- फोहरमैला उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याई कुहिने फोहरलाई मल बनाई करेसाबारीमा प्रयोग गर्ने गराउने तथा बजार क्षेत्रमा करेसाबारी प्रतियोगिता र डस्टविन सफा राख्ने मुल्यांकन जस्ता प्रतियोगिता संचालन गरी पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
- वडास्तरमा उत्सर्जन हुने फोहर वडास्तरमा नै संकलन केन्द्र तथा श्रोतमा नै प्रकृति अनुसार छुट्याउने व्यवस्था मिलाउन वडा समितिहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्रको निर्माण तथा संचालन गरिनेछ ।
- मानेभञ्ज्याङ गाउँपालिका क्षेत्र भित्र सार्वजनिक स्थलहरुमा स्थानीय समुदायबाटै व्यवस्थापन हुने गरी शौचालयहरु निर्माण गर्ने गराउने नीति रहनेछ ।
- पशु-पन्छी तथा घर पालुवा जनावरले निष्कासन गर्ने विष्टाको उचित व्यवस्थापन गर्ने र त्यसबाट अरुलाई दुर्गन्ध फैलाउने तथा रोगको बाहक बनाउने कार्यको जिम्मेवारी र जवाफदेहिता सम्बन्धित जनावरको धनीको नै हुनुपर्ने नीति अवलम्बन गरिनेछ ।

## ५. भौतिक तथा पूर्वाधार विकास नीति :

"सुदृढ भौतिक पूर्वाधार, समृद्ध गाउँपालिकाको आधार"

- आ.व. २०७७/०७८ मा योजना छनौट भई COVID – 19 को कारणले सम्झौता हुन नसकेका अथवा काम सम्पन्न नभएका योजनाहरुलाई प्रथामिकताका साथ अगाडि बढाइने छ ।
- योजना छनौट गर्दा बहुबर्षिय योजनाहरुलाई प्राथमिकता दिईने निति अवलम्बन गरिने छ ।
- समपुरक कोष र विशेष योजना अन्तर्गत संचालन हुने योजनाहरुको विवरण तयार गरी माग गरिनेछ ।
- निर्मित पूर्वाधारहरुको नियमित मर्मतसम्भार, सञ्चालन, संरक्षण एवं सम्वर्धन गर्न निजी क्षेत्र तथा सामुदायिक सहकारी क्षेत्र र उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । पूर्वाधार प्रयोगकर्ताबाट उपयोग कर संकलन गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माणलाई स्थानीय गाउँवासीहरुको दिन चर्यालाई सहज बनाउने तथा आर्थिक आयआर्जनसँग जोड्दै समृद्धितर्फ उन्मुख गरिने नीति लिइनेछ ।
- बढि भन्दा बढि जनसहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- पेश्की शुन्य अभियानका लागि पेश्की दिने कार्यलाई निरुत्साहित गरी प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिइने नीति अवलम्बन गरिने छ, तर स्वीकृत खरिद योजना बमोजिम निर्माण सामग्री खरिद गर्नु पर्ने भई उपभोक्ताको योगदान सहभागिता यकिन गरि पेश्की उपलब्ध गराउन सकिनेछ ।
- यस गाउँपालिका भित्र रहेका सामाजिक प्रतिष्ठित व्यक्तित्वहरुको उच्च सम्मानार्थ पार्क, प्रतिक्षालय निर्माण गरिनेछ । साथै सामुदायिक भवन निर्माण गर्ने निति लिने छ ।
- भौतिक पुर्वाधार विकासमा प्रयोग हुने सवारी तथा ढुवानी र निर्माणका साधनहरुलाई गाउँपालिकामा अनिवार्य रुपमा सुचिकृत गराई संचालन गर्ने निति ल्याइने छ ।
- गाउँपालिका भित्रका पूर्वाधार निर्माण गर्दा गाउँपालिकास्तरीय, प्रदेश र संघ स्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरी कार्यान्वयन गरिनेछ ।
- प्रत्येक वडामा आफ्नै वडा कार्यालय निर्माण कार्यलाई पूर्णता दिइनेछ ।

## ६. सडक तथा यातायात तर्फ

- सडक निर्माण गर्दा पानीका मूहानहरुलाई संरक्षण र प्रवर्द्धन गर्दै एकीकृत रुपमा निर्माण कार्य अगाडि बढाइनेछ ।
- पालिकाभित्र बढी उपयोग हुने सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन प्राथमिकता दिइनेछ । साथै सडकहरुलाई थप व्यवस्थित गर्न नाली निर्माण कार्य थालनी गरिनेछ ।
- ट्र्याक खोलिसकेका तर मौसमी रुपमा रहेका सडकहरु निर्माण कार्य गर्दा गाउँपालिकाको स्वीकृत मापदण्डका आधारमा बढीमा ३० प्रतिशत माटोको काम र ७० प्रतिशत कार्य सञ्चालनमा खर्च गर्दै बाह्रैमास चल्ने सडकमा रुपान्तरण गर्ने कार्यक्रम स्वीकृत गरी गराई निर्माण कार्य सञ्चालन गर्ने नीति लिइनेछ ।
- सडक निर्माण गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भइरहेका सडकहरुलाई स्वीकृत मापदण्डका आधारमा स्तरोन्नतिमा जोड दिइनेछ ।
- हाल सञ्चालनमा रहेका DPR नबनेका सडकहरु प्राविधिक (इन्जिनियरिङ) दृष्टिबाट उपयुक्त भए नभएको एकीन गरी अनुपयुक्त स्थानमा सुधार गर्नेगरी मात्र थप लगानी कार्य गरिनेछ । सुधार गर्न नसकिने रहेछ भने लगानी नगर्ने नीति अवलम्बन गरिनेछ । ठुला योजना संचालन गर्दा नेपाल सरकारको निर्णय अनुसार मेशीनरी सामान प्रयोग गर्न निरुत्साहित गरिने छ ।

## ७. खानेपानी तथा सरसफाई नीतिः

"जलश्रोत संरक्षणको अभियान, मानव जीवनको पहिचान"

- स्थानीय स्तरमा रहेका पानीका मुहानहरुको संरक्षण सम्वर्द्धन र प्रयोग गर्न तथा टोल बस्तीका पानीका परम्परागत मुहानहरुलाई स्वच्छ र सफा राख्न प्रत्येक वडा समितिको अगुवाईमा टोल विकास संस्था, सामुदायिक संघ संस्था तथा समुदाय परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गल्छी खोल्साबाट बग्ने पानीलाई सोहि ठाउँमा अड्याउन प्राकृतिक छेक बारका कार्यक्रम स्थानीय समुदायको अग्रसरतामा सञ्चालन गर्ने नीति लिइनेछ ।
- Lifting को माध्यमबाट सञ्चालन गर्न सकिने खानेपानी आयोजनाहरुलाई थप संम्भाव्यता अध्ययन गरिने छ साथै संचालन शुरु भएका आयोजनाहरुलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।
- खानेपानी मुहानको २० मिटर वरपर कुनैपनि किसिमको रुख, बिरुवा काट्न हटाउन नपाउने गरी समुदायकै सहयोगमा कडाईका साथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
- समुदायले प्रयोग गरीरहेको खानेपानीको मुहान (जमिन माथि र जमिन मुनि दुवै) कसैको नम्बरी आवादी भित्र नै पर्दो रहेछ भने गाउँ कार्यपालिका र वडा समितिसँग वैकल्पिक व्यवस्था गरी स्वीकृति नलिई मास्न वा निषेध गर्न पूर्ण प्रतिबन्ध लगाइनेछ ।
- यस गाउँपालिकाको ठूलो क्षेत्र ओगट्ने ठुला जलश्रोतका योजना अन्य निकायले सञ्चालन प्रक्रियामा रहेको बृहत खानेपानी योजनाहरुको निर्माण कार्य समयमै सम्पन्न गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने नीति अवलम्बन गरिनेछ ।
- सञ्चालनमा रहेका खानेपानी योजनाहरुको दिगो सञ्चालन, मर्मत सम्भार, क्षमता अभिवृद्धि तथा पुनः निर्माण जस्ता कार्य उपभोक्ताहरुको समेत लगानी तथा सहभागितामा सञ्चालन गरी गराई आधारभूत खानेपानी सेवाको सुनिश्चितता गर्न र खानेपानी सेवा नपुगेका टोलबस्तीमा खानेपानी सेवा पुर्याउने कार्यका लागि सम्बन्धित निकाय, संघ संस्थाहरुको साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गरिने छ ।

## ८. विद्युत तथा वैकल्पिक उर्जा सम्वन्धी नीतिः

- हालसम्म पनि विद्युत सेवा नपुगेका टोल बस्तीहरुमा विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतीकरण गरिनेछ ।
- राष्ट्रिय प्रशारणको विद्युत विस्तार गर्दा तुलनात्मक रुपमा महंगो पर्ने टोल, बस्ती घरहरुमा उज्यालो बनाउन सरकारी र गैरसरकारी संघ संस्थाहरु साथै सरोकारवालाहरुको समेत सहभागितामा वैकल्पिक उर्जा (सौर्य उर्जा) को विस्तार गरिनेछ ।
- प्रत्येक गाउँपालिकावासीको घरघरमा उज्यालोको लागि प्रयोग गरिने परम्परागत साधन (टुकी, मैनबत्ती र दियालो आदि) प्रतिस्थापन गरी सकिनेछ ।
- मानेभञ्ज्याङ गाउँपालिका क्षेत्रमा विद्युत सव-स्टेशन स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- विद्युत प्राधिकरणसँग समन्वय गरी गाउँपालिकावासीहरुले गाउँपालिका कार्यालयहरुबाटै विद्युत महशुल बुझाउन सक्ने अवस्था श्रृजना गर्न पहल गरिनेछ ।

## ९. बस्ती विकास तथा भूकम्प प्रतिरोधी भवन निर्माण नीतिः

"व्यवस्थित बस्ती, भूकम्प प्रतिरोध भवन निर्माण, हाम्रो अभियान"

- गाउँपालिकाको क्षेत्रभित्र निर्माण हुने निजी, सामुदायिक लगायतका सबै किसिमका भवन निर्माणका लागि भवन निर्माण मापदण्डलाई पूर्ण पालना गरी गराई भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने गराउने नीति कडाईका साथ पालना गर्ने गराइने छ ।
- भवन निर्माण मापदण्ड लागु हुनुभन्दा अगाडि निर्माण भएका घरहरुलाई भवन निर्माण मापदण्डमा उल्लेख भएको व्यवस्था अनुसार घर अभिलेखीकरण कार्य अभियानको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- घर निर्माण गर्दा अनियन्त्रित रुपले पहाड खार्ने प्रवृतिलाई निरुत्साहित गर्दै त्यसबाट हुने क्षतिको जिम्मेवार जमिन खार्नेलाई बनाइने छ ।
- गाउँपालिकाक्षेत्र भित्र रहेका हरेक घरधुरीहरुलाई संकेत नम्बरको आधारमा पहिचान गर्ने व्यवस्था मिलाईने छ ।
- प्रत्येक वडामा रहेका सार्वजनिक जग्गा, कुलो बाँध, वनक्षेत्र एकिन गरी उचित संरक्षण र सदुपयोग गरिनेछ ।
- लिब्जु, शिद्धधाम, किरातेश्वर गुफा लगायतका एतिहासिक पुरात्वतिक सम्पदा बस्तीहरु पुनःउथान कार्यक्रम संचालनको लागि सम्बन्धित निकायहरुसँग अनुरोध गरिनेछ ।

## १०. शिक्षा, युवा तथा खेलकुद नीतिः

- राष्ट्रिय निर्देशिका (National Guideline) बमोजिम पालिकाभित्रका विद्यालयहरुमा प्रविधि (internet, computer, आदि)को पहुचँलाई विस्तार गरी virtual class सञ्चालन गर्न पहल गरिनेछ ।
- ECD देखि कक्षा-५ सम्मका बालबालिकाका लागि दिवा खाजाको व्यवस्था गरी विद्यार्थी उपस्थितीको दर बढाउदै शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- निजी श्रोतबाट सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुदान सहयोगको नीति अवलम्बन गरिनेछ ।
- Covid-19 र अन्य संभावित संकटको अवस्थाबाट सिकाई अवरुद्ध भई विद्यालयमा नियमित पठनपाठनको वातावरण नहुने वा नभएको अवस्थामा वैकल्पिक शिक्षण पद्धतीको माध्यमबाट विद्यार्थी सिकाई सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- विद्यालयहरुमा डिजिटल ग्याप न्यूनीकरण गर्न सूचना प्रविधि (E-Learning तथा Talking Teacher) को प्रयोग गरी पठनपाठनको व्यवस्था गर्न पहल गरिनेछ ।
- विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री तथा विपद (भुकम्प) प्रतिरोधी भौतिक पूर्वाधार विकास गर्दै लगिनेछ ।
- विद्यालय तथा शिक्षकहरुलाई सिकाइ उपलब्धीका आधारमा प्रतिस्पर्धाको वातावरण, पुरस्कार वा दण्डको नीति अवलम्बन गरिनेछ । एस ई ई परिक्षामा उत्कृष्ट अंक हासिल गर्ने विध्यार्थीलाई पुरस्कृत गर्दै जाने नीति अवलम्बन गरिनेछ ।
- प्राविधिक तथा स्वरोजगार जनशक्ति उत्पादन गर्न गाउँपालिका भित्र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम दिने विद्यालय तथा शिक्षालय सञ्चालन गरिनेछ ।
- विपन्न, सिमान्तिकृत, अनाथ, विचैमा कक्षा छाडेका (Drop Out) बालबालिकालाई विद्यालयमा ल्याई पठन पाठनको व्यवस्था गरिनेछ ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरुको संस्थागत क्षमता विकास गरी पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न नियमित विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी बनाइनेछ ।
- विद्यालय नक्सांकन, दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य प्रारम्भ गरिनेछ ।
- विद्यालयमा विपद व्यवस्थापन सम्बन्धी शिक्षा प्रदान गर्ने प्रबन्ध मिलाइनेछ ।
- आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन तथा सञ्चालन प्रभावकारी बनाइनेछ ।
- स्थानीय कला र संस्कृतिको संरक्षण र विकास गरिनेछ । आधारभूत तहसम्मका लागि गाउँको सामाजिक, आर्थिक, सांस्कृतिक, समस्या र सम्भावनालाई समेटी स्थानीय स्तरको नगदेबाली, स्थानीय भाषिक, संस्कार, संस्कृति समेत समावेश भएको पाठ्यक्रम तयार गरी अनिवार्य रुपमा पठनपाठन गराउने नीति अवलम्बन गरिनेछ ।
- विद्यार्थी भर्ना अभियानलाई अझ प्रभावकारी बनाउन जनप्रतिनिधि, कर्मचारी लगायत सरोकारवालाहरुलाई परिचालन गरिनेछ ।
- गाउँपालिकाको केन्द्रमा स्नातक तहको पठनपाठन कार्य प्रारम्भ गर्ने कार्यलाई प्राथमिकता दिई संघिय सरकारसंग पहल गरिनेछ ।
- गाउँपालिकाक्षेत्रमा रहेका खेलमैदानहरुको क्रमशः स्तरवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्रका युवा वर्गलाई लक्षित गरि प्रतिस्पर्धात्मक रोजगारी परिक्षाका तयारी कक्षाहरु संचालन गर्न विशेष सहयोग गरिनेछ ।स्वरोजगारको लागि प्राविधिक तथा व्यवहारिक ज्ञानको तालिम संचालन गरिनेछ ।

## ११. स्वास्थ्य सम्बन्धी नीतिः

- Covid – 19 को रोकथाम नियन्त्रण तथा उपचारमाको लागि प्रभावकारी कदम चालिने छ ।
- मानेभञ्ज्याङ स्वास्थ्यचौकीलाई १५ शैयाको अस्पतालमा निर्माण तदारुकताका साथ अधि वढाइने छ ।
- सबै वडामा आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने प्रकृयालाई सुनिश्चितता तथा निरन्तरता दिइनेछ, साथै स्वास्थ्य संस्था नभएको वडामा क्रमशः स्वास्थ्य संस्था स्थापना गर्दै लगिनेछ ।
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनुका साथै खोप कार्यक्रमलाई अझै उपभोगयुक्त तथा प्रभावकारी बनाइनुका साथै खोपमा सबैको पहुँच बढाइने छ । थप खोपहरु निरन्तर रुपमा क्रमशः विस्तार गर्दै लगिनेछ ।
- मातृ तथा शिशु स्थास्थ्यको अवस्थालाई सुदृढ गर्दै नियमित गर्भजाँच, सुत्केरी जाँच तथा स्वास्थ्य केन्द्रमा सत प्रतिशत प्रसुती गराउने अभियानमा जोड दिइनेछ । चौविस घण्टे सुत्केरी सेवा केन्द्रलाई निरन्तरता दिइनेछ । सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई अझै प्रभावकारी बनाउँदै टोलटोलमा स्वास्थ्य आमा समूहको बैठक सञ्चालन, बच्चाको तौल अनुगमन र बाल पोषण कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- गाउँघर क्लिनिक तथा खोप क्लिनिकको सेवालाई नियमित, प्रभावकारी, सहभागितात्मक एवं गुणस्तरीय बनाउँदै आवश्यक फर्निचर तथा औजार उपकरणको व्यवस्था गर्दै लगिनेछ ।
- ग्रामिण स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पतालहरुको सेवालाई सुदृढीकरण गर्दै गुणस्तरीय र प्रभावकारी सेवा सञ्चालन गर्न आवश्यक वातावरण बनाउँदै लगिनेछ ।
- निशुल्क सेवाको औषधीलाई निरन्तर आपूर्तिको व्यवस्था मिलाईनेछ ।
- नियमित रुपमा स्वास्थ्य संस्थाको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षक गरिनेछ । उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्दै लगिनेछ ।
- न्यूनतम स्वास्थ्य मापदण्ड प्रभावकारी कार्यान्वयन गरिने छ ।
- स्वास्थ्य वीमा कार्यक्रममा सहभागि हुन विशेष पहल गरिने छ।
- निजी तथा गैर सरकारी संस्थाद्धारा संचालित स्वास्थ्य संस्थाहरुको आवश्यक मापदण्ड तयार गरी सोको नियमित अनुगमन गरिनेछ ।
- प्रत्येक वडामा वर्षमा एक पटक स्वास्थ्य शिविर (आधुनिक तथा आर्युवेदिक) सञ्चालन गरिनेछ ।
- बाह्य खोप क्लिनिकको भवन आवश्यकता अनुसारको स्थानमा निर्माण गर्दै लगिनेछ ।
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) लाई व्यवस्थित गर्न अभिलेख प्रतिवेदनलाई छिटो छरितो गर्न इन्टरनेट सहितको कम्प्युटर प्रणालीलाई विस्तार गरिनेछ ।
- स्वास्थ्य संस्थाको भवन निर्माण, मर्मत सुधार तथा विद्युत, खानेपानीको नियमित आपूर्तिको साथै आवश्यक औजार उपकरणको व्यवस्था गरिनेछ ।
- गैर सरकारी संस्थाहरुले संचालन गर्ने स्वास्थ्य कार्यक्रमहरुमा दोहोरोपना आउन नदिन एकद्धार नीति अवलम्बन गरिनेछ ।
- विद्यालयस्तरमा नियमित रुपमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गरिनेछ । वर्षको दुईपटक हुने विद्यालय स्वास्थ्य तथा पोषण सप्ताहलाई निरन्तरता दिइनेछ । विध्यालयमा आवस्यक पर्ने सेनिटरी प्याड वितरणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- महामारीजन्य रोग तथा प्रकोप पश्चात देखिने स्वास्थ्य समस्याको व्यवस्थापन गर्न समुदाय स्तरीय RRT को क्षमता अभिवृद्धि गर्दै आकस्मिक औषधी तथा सामाग्रीको व्यवस्था गरिनेछ ।
- मोतिविन्दु न्यूनिकरण अभियानलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाभित्र दर्ता नगरी एलोप्याथी, होमियोप्याथी तथा आर्युवेदिक औषधी बिक्री वितरण तथा स्वास्थ्य क्लिनिक संचालन गर्ने कार्यलाई निरुत्साहित गर्न सम्बन्धित निकायबाट अनुमती लिई मात्र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाभित्र संचालन गरिने विभिन्न स्वास्थ्य शिविरहरु यस गाउँपालिकाबाट स्वीकृति पश्चात मात्र सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।
- मानेभञ्ज्याङ गाउँपालिकामा बल बहादुर-गोपाल राई २५ सैयाको सामुदायिक अस्पताल निर्माणको लागि पहल गरिने छ ।
- सुरक्षित मातृत्वलाई प्रथमिकतामा राखिने छ ।

## १२. उद्योग, पर्यटन प्रवर्द्धन तथा संस्कृति सम्बन्धी नीतिः

- स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिइनेछ ।
- यस गाउँपालिकाभित्र रहेका विभिन्न धर्मावलम्बीहरु (हिन्दु, किरात, बौद्ध, खीष्टियान, लागायत अन्य) को संरक्षण सम्बर्द्धन गर्न समाधि स्थल व्यवस्थापनको लागि जग्गा सुरक्षा, घेरा तार-बार लगाइनेछ ।

- स्थानीय स्तरमा रहेका सहकारी संस्थाहरुसँग भएको पुँजीलाई उत्पादन मूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका अन्तर्गत मातहतमा रहेका सबै धार्मिक स्थलहरुको उचित संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- प्रचलित कानुन बमोजिम स्वीकृति नलिएका, दर्ता नभएका व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता गराउन सचेतना गराईनेछ।
- मानेभञ्ज्याङ उदयपुर उँवु लिव्जु डुण्डुडाँडा सम्म जोड्ने गरी धार्मिक पर्यटकीय पदमार्ग तथा बुद्ध सर्किटको रुपमा विकास गरिनेछ ।
- गाउँपालिका भित्र रहेको राष्ट्रिय, अन्तराष्ट्रिय रुपमा चिनिएको लिब्जु लगायत किरातेश्वर गुफा, तलुवागढी, महादेवगुफा, तिनकन्या पञ्चवति, ढ्वाकुमटार सामाथान संरक्षण, सिद्धधाम, देवीस्थान आदि क्षेत्रको व्यवस्थित विकास र व्यवस्थापनलाई प्राथमिकतामा राखिने छ ।
- पालिका भित्रको लिब्जु, सिद्धधाम आदि पर्यटन क्षेत्रको गुरुयोजना कार्यान्वयनमा ल्याइनुका साथै पालिका भित्र विभिन्न क्षेत्रमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ ।
- यस गाउँपालिकाभित्र रहेका सबै जातजाती, समुदायको भाषा, कला, संस्कृति, ऐतिहासिक धार्मिक स्थलहरु यस नगरको साझा सम्पत्ती भएकोले यिनीहरुको संरक्षण, प्रवर्द्धन र विकासमा समान व्यवहार गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्रका पुरातात्विक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका सम्पदाहरु तथा मौलिक कला, संस्कृति जात्रा पर्वहरुलाई संरक्षण गर्ने र संग्रहालय स्थापनाको अवधारणा अगाडि बढाईनेछ ।
- यस गाउँपालिकाको आर्थिक-सामाजिक, सांस्कृतिक, लगायत विविध झल्को दिने गरी गाउँपालिकाभित्रका विविध जातजाति र धर्मका कार्यकमहरु आयोजना गर्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सामाजिक व्यक्तिहरुलाई उच्च सम्माननार्थ स्वरुप उपयुक्त स्थानको पहिचान गरी सो व्यक्तिहरुको नाममा पार्क, प्रतिक्षालय, प्रतिष्ठान, प्रतिमा निर्माण गरिनेछ ।

## १३. सूचना संचार तथा प्रविधि विकास सम्बन्धी नीतिः

- गाउँपालिका भित्रका मुख्य चोक, बजार, धार्मिक पर्यटकीय क्षेत्र तथा सम्वेदनशील स्थलहरुमा सिसिटिभी जडान, निःशुल्क वाइफाइ सेवा विस्तार, सूचना केन्द्रहरुको व्यवस्थित सञ्चालन, नेटवर्किङ्ग विस्तार लगायतका कार्यहरु गरी गाउँपालिकालाई इ-पालिकाको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- विद्युतीय शासन प्रणाली मार्फत गाउँपालिकाका कार्यक्रम तथा सूचनालाई प्रवर्द्धन गर्ने नीति अनुरुप वेबसाइट अध्यावधिक गर्ने तथा सञ्चार माध्यमहरु मार्फत सूचना प्रकाशन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकालाई सुचना प्रविधि मैत्री बनाउनको लागि आवश्यक हाडवेयर तथा सफ्टवयर व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाका सवै वडा कार्यालयलाई इन्टरनेटको माध्यमबाट गाउँपालिकाको कार्यालयसँग नेटवर्किङ गरिने नीति अवलम्बन गरिनेछ ।
- सूचना संरक्षण प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यहरु संचालन गरिनुका साथै सम्वन्धित संघ संस्थासंग समन्वय गरी एफ. एम. सञ्चालन गर्न अनुमति दिने नीति अबलम्बन गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन कम्प्युटर, इन्टरनेट तथा विभिन्न क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रका सबै वडाहरुमा अनलाईन घट्ना दर्ता गर्न पहल गरिनेछ ।

## १४. संस्थागत विकास तथा मानव संसाधन सम्बन्धी नीतिः

- गाउँपालिकामा राष्टिय परिचयपत्र सम्बन्धी कार्य गरिने छ ।
- गाउँपालिकामा गरिव निवारण सम्बन्धी कार्य गरिने छ ।
- सबै वडाको वडा प्रोफाइल (बालमैत्री, वातावरण सम्वन्धी तथ्यांक सहित) बनाई एकिकृत गाउँपालिका प्रोफाइल तयार गरिनेछ ।
- गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा चेन अफ कमाण्ड, सेवाग्राही प्रति उत्तरदायी व्यवहार अवलम्मवन र कर्मचारी आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- गाँउपालिकाको व्यवस्थित विकासको लागि विषयविज्ञ, सल्लाहकार, परामर्शदाता र आवश्यक जनशक्तिको सेवा लिइनेछ । कर्मचारीलाई क्षमता विकासका लागि विभिन्न तालिमका कार्यकम संचालन गरिने छ ।
- कर्मचारीहरुलाई समय सापेक्षित विभिन्न सीपमूलक तथा क्षमता अभिबृद्धि तालिम कार्यक्रममा सहभागी गराइनेछ ।
- नेपालकै अन्य पालिकाहरुसँग मित्रवत तथा भगिनी सम्बन्ध स्थापना गर्न समेत पहल गरिनेछ । साथै यस मानेभञ्ज्याङ गाउँपालिकालाई माया गर्ने विभिन्न सामाजिक व्यक्तित्वहरु तथा संघ-संस्थाहरुलाई यस कार्यको लागि सद्भावना दुतको रुपमा परिचालन गरिनेछ ।

- शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।
- अस्थायी र करारमा कार्य गरिरहेका कर्मचारीहरुलाई निवृत्त हुँदा खाली हात नपठाउने नीति लिइने छ।
- कर्मचारीहरुलाई कामको प्रकृति, कार्य सम्पादन र कार्यबोझको आधारमा प्रोत्साहन स्वरुप भत्ता तथा सुविधा उपलव्ध गराइनेछ।
- गाउँपालिकाको नयाँ संगठन संरचना स्वीकृत गरी लागु गरिने छ।
- सामूहिक जीवन वीमा कार्यक्रमलाई गाउँपालिकाको विशेष तहको कर्मचारी साथै कार्यापालिका सदस्यहरुलाई उपलब्ध गराउन पहल गरिनेछ।
- न्यायीक समितिलाई कानुनी सल्लाहकारको व्यवस्था गरी करार सेवाको कर्मचारीको व्यवस्था गर्ने निति लिइने छ।

## १५. राजस्व परिचालन सम्बन्धी नीतिः

- गाउँपालिकाको आन्तरिक आय सबल बनाउन राजस्वमा सुधार गर्न राजश्वको दायरा फराकिलो बनाई कर असुलीलाई प्रभावकारी बनाईने तथा राजश्वका सम्भाव्य क्षेत्रहरुको पहिचान गरिनेछ।
- गाउँपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारी रुपले संचालन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।
- गाउँपालिकाले उत्पादनमूलक क्षेत्रमा लगानी (पार्किङ स्थल, शौचालय, घरटहरा निर्माण गरी भाडामा दिने) गरी आयस्रोत बढाउने कार्य गरिनेछ।
- बाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराउन प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्षबाट सम्भाव्य मझौला, ठूला सतह सिँचाई एवं अन्तर जलाधार र जलाशययुक्त बहुउद्देश्यीय आयोजनाका कार्यक्रमहरु प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- लेखा परिक्षणबाट औंल्याइएका सुझावहरुलाई आगामी दिनहरुमा कार्यान्वयन गर्दै बक्यौता, बेरुजु एवं पेश्की फर्छ्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

## १६. सम्बन्ध सहकार्य तथा साझेदारी नीतिः

- मानेभञ्ज्याङ गाउँपालिकालाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय भित्रका नगरहरु तथा संघ संस्थाहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति अबलम्बन गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय, तालिम केन्द्र जस्ता प्राज्ञिक संस्थाहरु तथा निकायहरुसँग सहकार्य गर्ने नीति अघि सारिनेछ।

## १७. सामाजिक परिचालन तथा सामाजिक सशक्तिकरण नीतिः

- सामाजिक परिचालनको माध्यमबाट सामाजिक, आर्थिक रुपले पछि परेका समुदायहरुको सशक्तीकरण गरी विकासको मूल प्रवाहमा समाहित गर्ने नीति अवलम्बन गरिनेछ।
- वडा समितिहरुसँग समन्वय गरी टोल विकास संस्था निर्माण तथा परिचालन अभियानको रुपमा संचालन गरिनेछ।
- असामयिक र अनपेक्षित मृत्युबरण गरेका अति बिपन्न परिवारलाई अवस्था अनुसार विशेष सहयोग गरिने छ।

## १८. महिला सम्बन्धी नीतिः

- महिलाहरुको आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनका लागि योजना तथा कार्यक्रमहरु संचालन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।
- महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुने उद्योग व्यवसायमा ५० प्रतिशत शुल्क छुट गरिनेछ।
- महिलाहरुलाई व्यवसायिक बनाउन सबै वडामा उद्यमशिलता तालिम सञ्चालन गर्ने गराउने नीति अबलम्बन गरिनेछ।
- एकल महिला, दलित महिलाहरुलाई लक्षित विविध कार्यकम कार्यन्वयन गरिनेछ। साथै मनोसामाजिक परामर्श सहयोग कार्यक्रम संचालनको लागि समन्वय गरिने छ।
- मानवअधिकार, महिला अधिकार, मानव बेचविखन विरुद्धका कार्यक्रमहरु विभिन्न संघसंस्थाहरुको समन्वयमा सञ्चालन गरिनेछ। महिलाहरुमा हुने वा हुनसक्ने स्वास्थ्य समस्याको जटिलताका आधारमा क्रमशः स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

- विद्यालय विमुख किशोरीहरुलाई जीवन उपयोगी तथा किशोरी परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
- गम्भीर प्रकृतिका रोग लागेका र हिंसामा परेका महिलाहरुको लागि सुविधा तथा राहत उपलब्ध गराउन पहल गरिनेछ।
- बुहारी छात्रावृत्ति कार्यक्रमलाई निरन्तरता दिईने छ।
- लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम परियोजना सँग सझेदारी कार्यक्रम संचालन गरिने छ।
- आमा समुह आमा समुह संजालहरुको संस्थागत विकास गर्नेको लागि कार्यक्रम संचालन गरिने छ।
- महिला ससक्तिकरणको कार्यक्रम आम संचारको माध्यमबाट संचालन र प्रसारण गर्ने गरिने छ।
- वडा स्तरको स्वास्थ्य आमा समुह संजालको सामुदायिक भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- महिला दिवस लाई सहयोग कार्यक्रम गरिनेछ।
- महिलाहरुको प्रजन्न स्वास्थ्यलाई सुनिश्चित गराउन सचेतना कार्यक्रम संचाल गरिने छ।
- लैङ्गिक हिंसा र घरेलु हिंसा रहित समाज निर्माण गर्नको लागि आवश्यक कार्यक्रमहरु गरिने छ।

## १९. बालबालिका सम्बन्धी नीतिः

- बालबालिकाहरुलाई भविष्यको कर्णधारको रुपमा मात्र हैन वर्तमानमा विकासको साझेदारको रुपमा लिइनेछ। बालबालिकाहरुसँग सम्बन्धित विषयको नीति कार्यक्रम बनाउदा बालबालिकाहरुको संस्थागत सहभागिता गर्ने गराउने नीति अवलम्बलन गरिनेछ।
- बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले बालमैत्री स्थानीय शासनका लागि तोकेको ३९ वटा सूचकहरुलाई न्यूनतम सूचक मानि सो सूचकहरु पूरा गर्नका लागि आवश्यक पहल गरिनेछ।
- बालबालिकामा पर्नसक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका बालमैत्री कक्षा, शिक्षक र बालविकास केन्द्रको सहयोगी शिक्षिकालाई सामाजिक स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्ने नीति लिइनेछ।
- भिन्न क्षमता भएका बालबालिकाहरुको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- बालविवाह नियन्त्रण गर्ने अभियानहरु संचालन गर्ने निति लिइने छ।

## २०. आदिवासी जनजाती, दलित, अपाङ तथा जेष्ठ नागरिक सम्बन्धी नीतिः

- आदिवासी जनजातिहरुको संविधान प्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका साथै भाषा, संस्कृति, परम्परा र पूर्ख्यौली सीपको संरक्षण तथा प्रवर्द्धन गर्ने नीति रहनेछ।
- जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ को प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ।
- दलित समुदायका परम्परागत पेशा, कला र सीप संरक्षण सम्बर्द्धन गर्दै तिनको क्रमशः आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिने छ।
- गाउँपालिका क्षेत्रका दलित समुदायको स्थिति तथ्यांक तयार गरिने छ।
- अपाङ्गहरुको चौतर्फी विकास गर्न अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति रहनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको सीप र कलालाई उच्च प्राथमिकतामा राखिने छ।
- गाउँपालिकाभित्र रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै वहाँहरुसँग भएको ज्ञान तथा अनुभव नयाँ पुस्तालाई हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी स्वास्थ्य शिविर संचालन गरिनेछ।
- नेपाल सरकारबाट उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई अझै सहज र सरल बनाउन वडामा गई पूर्ण अशक्त लाभग्राहीको घरमा नै सेवा वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहनुभएका ८० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरुको तथ्यांक संकलन गरिनेछ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्ने नीति रहने छ।
- जेष्ठ नागरिक परिचयपत्र सहज रुपमा उपलब्ध गराउने प्रबन्ध मिलाइने छ।
- सबै जेष्ठ नागरिक तथा अपाङ्गहरुलाई स्वास्थ्य बीमा गराउन पहल गरिने छ।

## २१. गैर सरकारी संस्था सम्वन्धी नीति :

- एकद्धार प्रणाली मार्फत गाउँपालिकाको नीति कार्यक्रममा सहयोग पुर्याउने खालका कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थालाई मात्र स्वीकृति दिने नीति अवलम्बन गरिनेछ।
- गैर सरकारी संस्था नियमन सम्बन्धी कानून निर्माण गरिनेछ।

- गैर सरकारी संस्थालाई विकासका साझेदारको रुपमा व्यवहार गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र सक्रिय रुपमा सञ्चालनमा रहेका सहकारी लगाएतका संघ संस्थाहरुलाई गाउँपालिकामा स्थापित गर्न आवश्यकता हेरि जग्गा, भवन तथा आवश्यक सहयोग गरिँदै लागिनेछ ।

**२२. रोजगारी सम्बन्धी नीति**

- गरिबी र बेरोजगारीको अन्योन्याश्रित सम्बन्ध हुने भएकाले वास्तविक विपन्न तथा बेरोजगार व्यक्तिको पहिचान गरी रोजगार सेवा केन्द्रमा सूचीकृत गरिनेछ ।
- सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न स्थानीय आयोजनाहरूमा श्रममूलक प्रविधिको प्रयोग गरिनेछ ।
- गाउँपालिका तथा वडा स्तरीय नियमित विकास निर्माणका आयोजनाहरूमा रोजगार सेवा केन्द्रमा सूचीकृत सम्बन्धित वडाका बेरोजगार व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिइनेछ ।
- श्रम बजारमा हस्तक्षेप गरी गाउँपालिकाभित्र सञ्चालन हुने सङ्घ, प्रदेश तथा अन्य निकायका आयोजनाहरूमा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई नै खटाउने नीति लिइनेछ ।
- आन्तरिक रोजगारी सिर्जनाका लागि स्थानीय तहका निजी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ ।
- विश्वव्यापी महामारी कोभिड १९ का कारण वैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरूलाई सूचीकृत गरी विशेष प्राथमिकताका साथ न्यूनतम रोजगारी प्रदान गरिनेछ ।
- सङ्घीय सरकार तथा प्रदेश सरकारबाट ल्याइएका रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- विश्व बैंकको ऋण सहायता अन्तर्गतको *युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना* र प्रधानमन्त्री रोजगार कार्यक्रमको ***कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना****मा* ज्याला बाहेकको अतिरिक्त भारमा साझेदारी गरी ***बेरोजगार*** *सूची निर्धारण तथा प्राथमिकीकरण* ***मार्गदर्शन*** **अनुसार** प्राथमिकता सूचीका व्यक्तिलाई खटाई आयोजना सञ्चालन गरिनेछ ।
- रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी श्रम बैंक तथा रोजगार सूचना केन्द्रको रूपमा विस्तार गरी रोजगारी प्राप्तीलाई सहज बनाइनेछ ।

**२३. <u>अन्य नीति :</u>**

- गाउँपालिकाका वडाहरुको क्षेत्रफल, जनसंख्या, भौगोलिक अवस्थितिको आधारमा धेरै असमान रहेको हुँदा सम्बन्धित वडाहरुको समन्वयमा वैज्ञानिक ढंगले सिमाना हेरफेर गर्न सम्बन्धित निकायमा अनुरोध गरिनेछ । साथै वडा केन्द्र तोक्नु पर्नेमा नियम प्रकृया पुर्‍याई प्रस्ताव सिफारिस गरी सम्बन्धित निकाय पठाइनेछ ।
- विवाद रहित समाज निर्माण गर्नको लागि मेलमिलाप केन्द्रहरुलाई प्रोत्साहन गर्ने तथा मेलमिलाप कर्ताहरुलाई परिचालन गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।
- गाउँपालिकाको सम्पुर्ण नागरिकहरुलाई न्यायीक अधिकारबारे अभियानहरु संचालन गरिने छ ।
- मेलमिलाप कर्ताहरुलाई पुर्नताजकि कार्यक्रम निरन्तरता दिने निति लिइने छ ।
- गाउँपालिका भित्रको सहकारीको विवरण संकलन गरी प्रभावकारी रुपमा संचालन गरिने छ  साथै सहकारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

| अनुदानको प्रकार | रकम (रू.) |
|---|---|
| समानीकरण अनुदान | ९४,७००,०००।०० |
| समपूरक अनुदान | ६,९००,०००।०० |
| विशेष अनुदान | ४१,५००,०००।०० |
| सशर्त अनुदान | घघघघघघघघघघघघ |
| राजश्व वाडफाड संघीय सरकार | ७१७९५००० |
| आन्तरिक राजश्व | ४३५०००० |

| | |
|---|---|
| समानीकरण प्रदेश | ५४०२००० |
| प्रदेश राजश्व | ४१५२८४० |
| अ.ल्या | १५६३१००० |
| कुल बजेट | ४५१,८३०,८४०।०० |

मोतीराज राई
अध्यक्ष
मानेभञ्ज्याङ गाउँपालिका